मिति २०७६/११/२९ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ६८/२०७६ का निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४०/१७४-२०७६/०४/२८ को "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ को क्र.सं.१ को पारिश्रमिक पंक्तिमा हेरफेर गरी नयाँ मासिक पारिश्रमिक कायम गर्ने" सम्बन्धी प्रस्ताव मिति २०७६/०४/२९ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को ५६ औं बैठकमा पेश हुँदा सो प्रस्ताव मन्त्रिपरिषद्को राजनितिक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने भन्ने निर्णय भएकोमा राजनीतिक समितिको मिति २०७६/११/०८ को वैठकमा प्रस्ताव उपर छलफल भइ परिमार्जन सहित समितिका संयोजक माननीय सामाजिक विकास मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा "मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची- १ को क्रमसंख्या- १ मा देहाय बमोजिम संशोधन भई पारिश्रमिक कायम हुने गरी प्रस्ताव स्वीकृत गर्नेः-

| क्र.स | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैंया | ७१,०००।- | ६३,०००।- | ६०,०००।- | ५८,०००।- |

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/५१/२३३-२०७६/१०/२३ को "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सिद्धान्त र मस्यौदा स्वीकृत गरी सो विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्ताव मिति २०७६/१०/२३ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को ६६ औं बैठकमा पेश हुँदा सो प्रस्ताव "प्रदेश मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने" भन्ने निर्णय भएकोमा आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको मिति २०७६/११/२९ को वैठकमा प्रस्ताव साथ प्राप्त विधेयकको मस्यौदा उपर छलफल भई परिमार्जन सहित समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"प्रदेश मन्त्रिपरिषद् आर्थिक, सामाजिक तथा पूर्वाधार समितिका संयोजक माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीको प्रतिवेदन साथ परिमार्जन सहित प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा पेश भएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयकको सिद्धान्त र मस्यौदा स्वीकृत गरी सो विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/२८/१७६-२०७६/०४/२९ को "प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिकमा १८ प्रतिशतले वृद्धि गर्ने" सम्बन्धी प्रस्ताव मिति २०७६/०४/२९ को प्रदेश सरकार (मन्त्रिपरिषद्) को ५६ औं बैठकमा पेश हुँदा सो प्रस्ताव "मन्त्रिपरिषद्को राजनितिक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने" भन्ने निर्णय भएकोमा राजनीतिक समितिको मिति २०७६/११/०८ को वैठकमा प्रस्ताव उपर छलफल भइ परिमार्जन सहित समितिका संयोजक माननीय सामाजिक विकास मन्त्रीको प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यू मार्फत प्रदेश सरकार (मन्त्रिपरिषद्) को वैठकमा आवश्यक निर्णयार्थ पेश हुन आएकोमा "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" को अनुसूची- १ को क्रमसंख्या- १ मा देहाय बमोजिम संशोधन भई पारिश्रमिक कायम हुने गरी प्रस्ताव स्वीकृत गर्नेः-

| क्र.स | सुविधाको प्रकार | इकाई दर | सभामुख | विपक्षी दलको नेता | उपसभामुख | सत्ता पक्षको प्रमूख सचेतक/सभापति | सत्ता पक्षको सचेतक/विपक्षी दलको प्रमूख सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैंया | ६४,०००।- | ५९,५००।- | ५९,५००।- | ५७,५००।- | ५७,०००।- | ५६,५००।- |

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३४/२४८-२०७६/११/२९ को "राना थारु समुदायको महत्वपुर्ण पर्व खखडेहराको अवसरमा सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लाका सम्पुर्ण सरकारी कार्यालयहरु र सार्वजनिक निकायहरुमा होरीको खखडेहरा पर्व मनाउने दिन २०७६ चैत्र ४ गते सार्वजनिक विदा दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

५. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४७/२४६-२०७६/११/१९ को "विश्व नेपाली साहित्य महोत्सवका लागि रकम स्वीकृती प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"विश्व नेपाली साहित्य महोत्सवका लागि रु.३० (तिस) लाख आर्थिक सहयोग प्रदान गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/४८/२४७-२०७६/११/२८ को "सुदुरपश्चिम ११ स्पोर्ट्स क्लव धनगढी कैलालीलाई आर्थिक सहयोग उपलब्ध गराउने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने ।"

७. सुदूरपश्चिम प्रदेश सरकारका प्रमुख सचिव श्री वालकृष्ण घिमिरे मिति २०७६/१२/०१ देखि सरकारी सेवाबाट अनिवार्य अवकाश हुन लाग्नु भएकोले उहाले यस मन्त्रिपरिषद्को सचिवको रुपमा रही गर्नुभएको योगदानको उच्च मूल्यांकन गर्दै सेवा निवृत जीवन सुखमय रहोस भनी शुभकामना सहित धन्यवाद दिने।